च.नं. :- ६२०/२०७५/०७६

मिति: २०७६/०२/२३

**श्री नेपाल स्टक एक्स्चेञ्ज लिमिटेड**
सिंहदरवारप्लाजा, काठमाण्डौ ।

**विषयः शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने बारे ।**

महोदय,

उपरोक्त सम्बन्धमा, यस जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७४/०९/३० गते सम्पन्न सातौं बार्षिक साधारण सभाबाट पारित भए बमोजिम साविक शेयरधनीहरुलाई १:१ (एक शेयर बराबर एक कित्ता शेयर) को अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने प्रयोजनको लागि यस कम्पनीको १३३ औ सञ्चालक समितिको बैठकको निर्णय अनुसार मिति २०७६/०३/०२ गते एक दिन शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने निर्णय गरेको र शेयरधनी दर्ता पुस्तिका बन्द सम्बन्धी सूचना मिति २०७६/०२/२४ गतेको कारोवार राष्ट्रिय दैनिकमा प्रकाशन गरिने भएकोले तहाँको जानकारीको लागि अनुरोध छ । साथै, शेयरधनी दर्ता पुस्तिका बन्द बारेको सूचनाको मस्यौदा समेत यसै साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

धन्यवाद ।

भवदीय

.......
श्री राम पोखेल
कम्पनी सचिव

**संलग्न**

१. संचालक समितिले शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने सम्बन्धमा गरेको निर्णयको निर्णय उतार ।

२. शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने बारेको सूचनाको मस्यौदा ।

**बोधार्थ**
श्री सिद्धार्थ क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौ ।

**जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लि.**
**Janautthan Samudayic Laghubitta Bittiya Sanstha Ltd.**
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था (१८ जिल्ला कार्य क्षेत्र भएको)

दर्ता न. १२२६/०६६/०६७
इजाजतपत्र न. ने.रा.बैंक/इ.प्रा./"घ"/२१/०६७/०६८

च.न. :- ६२१/२०७५/०७६

मिति: २०७६/०२/२३

**श्री नेपाल स्टक एक्स्चेञ्ज लिमिटेड**
सिंहदरवारप्लाजा, काठमाण्डौ ।

**विषयः सञ्चालक समितिको १३३ औं बैठकको निर्णय उतार सम्वन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस संस्थाको मिति २०७६/०२/२२ गते बुधवार बिहान १०.३० वजे बसेको सञ्चालक समितिको १३३ औं बैठकको निर्णय अनुसार "संस्थाको मिति २०७४/०९/३० गते सम्पन्न सातौं बार्षिक साधारण सभाको निर्णयानुसार १ बरावर १ (१:१) अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने निर्णय भए बमोजिम नेपाल धितोपत्र बोर्डबाट मिति २०७६/०२/०५ गतेको पत्र मार्फत **"हकप्रद शेयर निश्काशन सम्वन्धी ब्यवस्था तथा विवरणहरु"** स्वीकृत भएकोले हकप्रद शेयर निष्काशन प्रयोजनको लागि शेयरधनी दर्ता किताब मिति २०७६/०३/०२ गतेका दिन बन्द गरिने र सो बारेको सूचना संबन्धित सबै शेयरधनी तथा नियमन निकायहरुलाई समयमै जानकारी गराईने निर्णय भएको ब्यहोरा जानकारीको लागि अनुरोध गर्दछु ।

धन्यवाद ।

भवदीय,

...........................
श्री राम पोखरेल
कम्पनी सचिव

# जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड

**Janautthan Samudayic Laghubitta Bittiya Sanstha Ltd.**

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था

बुटवल-१२, रूपन्देही, फोन न. ०७१-४३८१७१, फ्याक्स न. ०७१-४३८१६९
इमेल: info@jucbank.com.np वेभसाइट: www.jucbank.com.np


## साधारण शेयरको हकप्रद निष्काशन (Right Share Issue) को लागि शेयरधनी दर्ता पुस्तिका बन्द बारेको सूचना

यस जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७४/०९/३० गते सम्पन्न सातौं वार्षिक साधारण सभाबाट पारित निर्णयानुसार हाल कायम चुक्ता पूँजी रु.२,८८,००,०००/- बराबरको प्रति शेयर रु १००/- अंकित दरका २,८८,००० कित्ता साधारण शेयरको १:१ (अर्थात मौजुदा एक कित्ता साधारण शेयर बराबर नयाँ एक कित्ता साधारण शेयर) को अनुपातमा रु. २,८८,००,०००/- बराबरको प्रति शेयर १००/- अंकित दरका २,८८,००० कित्ता [redacted] हकप्रद साधारण शेयर निष्काशन प्रयोजनको लागि मिति २०७५/०१/०२ गते (एक) दिन शेयरधनी दर्ता पुस्तिका बन्द गरिने व्यहोरा शेयरधनीहरू लगायत सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध गर्दछौं। शेयरधनी दर्ता पुस्तिका बन्द भएको मिति भन्दा अघिल्लो दिनसम्म अर्थात मिति २०७५/०१/०१ गते सम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको कारोबारबाट कायम भएका शेयरधनीहरू मात्र हकप्रद शेयरका लागि दरखास्त दिन पाउने हुँदा सम्बन्धित सबै शेयरधनीहरू तथा शेयर ब्रोकरहरूलाई माथि बमोजिम शेयर नामसारी गराउन समेत अनुरोध गर्दछौं।